आकाशवाणी समाचार- नेपाली

मितिः २२ जनवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) सम्बन्धी सर्वोच्च अदालतको आदेश लागू गर्न निर्देशन जारी गरेको छ।
- पश्चिम बंगालमा स्कूल सेवा आयोग (एसएससी) ले बुधवार अबेर साँझ उच्च माध्यमिक (कक्षा 11–12)को शिक्षक नियुक्तिको अंतिम मेरिट सूची जारी गरेको छ।
- स्कूल सर्विस कमीशन (एसएससी) भर्ती घोटालामा प्रवर्तन निदेशालय (ईडी)ले तृणमूल कांग्रेसका विधायक जीवनकृष्ण साहा र बिचौलिया प्रसन्नाकुमार राईमाथि ठूलो कारबाही गरेको छ।
- भारतले आज नेपालको चुनाव संबंधी सहायताको पहिलो किश्ता हस्तांतरित गर्नेछ।
- खर्सांगमा एडवेंचर टूरिज्मलाई नयाँ उड़ान दिन , 26 जनवरीदेखि शुरू हुनेछ पैराग्लाइडिंग|

**SIR पश्चिम बंगाल**

निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) सम्बन्धी सर्वोच्च अदालतको आदेश लागू गर्न निर्देशन जारी गरेको छ। यसले अपरिचित वर्गहरू अन्तर्गत विसंगति र नामहरूको सार्वजनिक प्रदर्शनलाई अनिवार्य गर्दछ, र प्रभावित मतदाताहरूलाई कागजातहरू पेश गर्ने र तोकिएको समयसीमा भित्र सुनुवाइ हुने अवसर प्रदान गर्दछ।

आयोगले पश्चिम बंगालका अधिकारीहरूलाई जारी SIR २०२६ सम्बन्धी यस महिनाको सर्वोच्च अदालतको आदेशको कडाईका साथ पालना गर्न पनि निर्देशन दिएको छ। यसले राज्य प्रशासन र पुलिसलाई पर्याप्त जनशक्ति सुनिश्चित गर्न, सुनुवाइ सहज रूपमा सञ्चालन गर्न र कानून व्यवस्था कायम राख्न निर्देशन दिएको छ, र पालना नगरेको खण्डमा कडा कारबाहीको व्यवस्था गरेको छ। निर्वाचन आयोगले पश्चिम बंगालका पुलिस महानिर्देशक, कोलकाता पुलिस आयुक्त, सबै जिल्ला मजिस्ट्रेट, अन्य सबै पुलिस आयुक्तहरू र सबै पुलिस अधीक्षकहरूलाई SIR को समयमा कडा कानून व्यवस्था सुनिश्चित गर्न निर्देशन दिएको छ।

प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालका जनतालाई आश्वासन दिनुभएको छ कि कसैलाई पनि कानून आफ्नो हातमा लिन दिइने छैन र त्यस्ता सबै घटनाहरूमा कडा कारबाही गरिनेछ।

**एसएससी अंतिम सूची जारि**

पश्चिम बंगालका हजारौ शिक्षित युवाहुको लामो समयदेखि चली आइरहेको प्रतिक्षाको अंत गर्दै स्कूल सेवा आयोग (एसएससी) ले बुधवार अबेर साँझ उच्च माध्यमिक (कक्षा 11-12) को लागि शिक्षक नियुक्तिको अंतिम मेरिट सूची जारी गरेको छ |

**Byte**

**एसएससी भर्ती घोटालाम इडीको ठूलो कारवाही**

प्रवर्तन निर्देशनालय (ईडी) ले स्कूल सर्विस कमीशन (एसएससी) भर्ती घोटालाको सम्बन्धमा तृणमूल कांग्रेसका विधायक जीवनकृष्ण साहा र कथित बिचौलिया' प्रसन्ना कुमार रायविरुद्ध फेरि कड़ा कारवाही गरेको छ। ईडीले यी दुईसँग सम्बन्धित लगभग ५७.७८ करोड रुपियाको सम्पति अस्थायी रुपमा जफत गरेको छ।ईडी स्रोतका अनुसार जफत गरिएको सम्पत्तिमा नगद, होटल, रिसोर्ट र अन्य अचल सम्पति समावेश छन्, जुन कथित रूपमा अयोग्य उम्मेदवारहरुबाट नोकरी पाउनका लागि कथित रूपमा संकलन गरिएको रकमसँग सम्बन्धित छ।जांच एजेन्सीले दाबी गरेको छ कि जीवनकृष्ण साहले भर्ती घोटालाबाट प्राप्त पैसा आफ्नो नाममा मात्र नभई परिवारका सदस्य र आफन्तको नाममा चलेको व्यवसायमा पनि लगानी गरेका थिए।उल्लेखनीय छ कि मुर्शिदाबाद जिल्लाको बड़ार क्षेत्रका विधायक जीवनकृष्ण साहलाई सीबीआईले अप्रिल २०२३ मा एसएससी भर्ती मामिलामा पक्राउ गरेको थियो। त्यसबेला उनीमाथि प्रमाण नष्ट गर्ने नियतले मोबाइल फोन पोखरीमा फ्याँकेको आरोप लागेको थियो। पछि उनलाई जमानत दिइएको थियो। यसपछि अगस्ट २०२४ मा ईडीले उनलाई सोही मुद्दामा फेरि पक्राउ गरेको थियो। त्यसबेला उनीमाथि ईडीको कारबाहीबाट बच्न पर्खाल हानेर भाग्ने प्रयास गरेको आरोप पनि उभिन माथि लागेको थियो। अर्कोतर्फ, एसएससी भर्ती घोटालामा कथित बिचौलिया प्रसन्ना कुमार रायलाई सीबीआईले पहिलो पटक पक्राउ गरेको थियो, त्यसपछि ईडीले यस मुद्दाको वित्तीय पक्षको अनुसन्धान सुरु गरेको थियो। प्रसन्ना अहिले न्यायिक हिरासतमा छन्। ईडीले गरेको अनुसन्धानमा विभिन्न कम्पनी तथा संस्थामा २६ करोड १ लाख ८९ हजार ६७२ रुपैयाँ लगानी भएको खुलासा भएको छ।तर, प्रसन्नकुमार राईले भने आफूमाथि लागेको आरोपको खण्डन गर्दै आफूले सम्पूर्ण रकम कृषि कार्यबाट कमाएको दाबी गरेका छन्। आफूले स्थानीय किसानसँग ज्यालामा आधारित कृषि लगानी गरेको र त्यसबाट प्राप्त आम्दानी आफ्ना विभिन्न कम्पनीको खातामा जम्मा गरेको उनी बताएका छन्। ईडीले दायर गरेको आरोपपत्रमा पनि उनको बयान उल्लेख गरिएको छ |

**एसआईआरको सुनवाईमा भागोप्रमोद्वारा जनसाधारणलाई सहयोग**

भारतको निवार्चन आयोगद्वारा हाल मतदाता गहन पुनरीक्षण (एसआईआर) को सुनवाई प्रक्रिया खरसाङ महकुमा शासक कार्यालयमा चलिरहेको छ। यस सुनवाई प्रक्रियामा जनसाधारणले फारम भर्न, पत्र लेख्न, कागज पत्र जुटाउन र जानकारीको अभावका कारण धेरै असुविधा झेलिरहेका छन्। यी सबै कुरालाई ध्यानमा राख्दै भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ टाउन कमिटीको पहल साथै केन्द्रिय अध्यक्ष अनित थापाको परामर्शमा पार्टीले महकुमा शासक कार्यालय परिसरमा हेल्प डेस्क स्थापना गरेर सहयोग गरिरहेका छन्।बीजीपीएम टाउन कमिटीका मूल सचिव बिरबल पाख्रीनले एसआईआरको सुनवाईमा जनसाधारणले धेरै नै दुःख पाइरहेको गुनासो आइरहेको बताए। उनले भारतको निर्वाचन आयोगलाई भाजपा सरकारको इशारामा कार्य नगरेर स्वतन्त्र रूपमा कार्य गर्न सुझाउ दिएका छन्।

**नेपाल चुनाव**

भारतले आज नेपाल को चुनाव संबंधी सहायताको पहिलो किश्ता हस्तांतरित गर्नेछ। काठमांडू स्थित भारतीय दूतावासले यो सहायता नेपाल सरकारको अनुरोधमा त्यहाका गृह मंत्री ओम प्रकाश आर्यालालाई सुम्पेका छन्। जसमा 61 डबल-कैब पिकअप वाहन तथा अन्य आवश्यक सामग्री शामेल छन्।

यी सवारी साधनले निर्वाचनको सहज र प्रभावकारी व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्ने अर्यालले बताएका छन्।

भारतले नेपालमा आगामी निर्वाचनको तयारीका लागि प्रदान गरिरहेको सहायतामा लगभग ६५० सवारी साधन शामेल छन्, जुन आगामी सप्ताहहरूमा चरणबद्ध रूपमा हस्तान्तरण गरिनेछ। यस सहकार्यले दुई देशबीच विद्यमान बहुआयामिक र बहुक्षेत्रीय विकास साझेदारीलाई प्रतिबिम्बित गर्दछ।

**एडवेंचर टूरिज्मलाई नयाँ उड़ान, 26 जनवरीदेखि शुरु हुनेछ पैराग्लाइडिंग**

जाडोको मौसममा खर्साङ घुम्न आउने पर्यटकका लागि नयाँ आकर्षण थपिने भएको छ। अब पर्यटकले खर्सागमा पनि प्याराग्लाइडिङको आनन्द लिन पाउने भएका छन्। गोर्खा टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) ले पहाडमा एडवेंचर टूरिज्मलाई थप

आकर्षक बनाउने उद्देश्यका साथ यो पहल गरेको छ। पर्यटकहरुले खर्साङको दुर्पिन्डाडाबाट प्याराग्लाइडिङ गर्न पाउने भएका छन्। दुरपिन्डाडाबाट दुधिया बालासन सम्म लगभग १५ देखि २० मिनेटको उडान हुनेछ । यो समयमा पर्यटकले माथिबाट हिमाल, जंगल, चियाबगान र नदीको मनोरम दृश्यावलोकन गर्न सक्नेछन्। नयाँ प्याराग्लाइडिङ स्पटको उद्घाटन जनवरी २६ मा हुनेछ। जीटीएका पर्यटन विभागका प्रोजेक्ट ऑफिसर डा. दावा गाल्पो शेर्पाले प्याराग्लाइडिङको माग पर्यटकमा धेरै रहेको बताएका छन्। पहाडका अन्य ठाउँमा पनि प्याराग्लाइडिङलाई राम्रो प्रोत्साहन भइरहेको छ। अब खर्साङ आउने पर्यटकले विहंगम दृश्यबाट प्राकृतिक सौन्दर्यको आनन्द लिन पनि सक्नेछन्। १२ प्याराग्लाइडर खर्साङमा ल्याइएको छ। पर्यटकले प्रशिक्षित राइडरका साथ प्याराग्लाइड गर्न सक्नेछन्। कार्सियांग प्याराग्लाइडिङका इन्चार्ज आदित्य थापाले परीक्षण सफल भएको र अब यसलाई पर्यटकका लागि खुला गरिने बताएका छन्। तर, प्रतिव्यक्ति शुल्क भने टुंगो लागेको छैन। जीटीएले आशा गरेको छ कि यो पहलले स्थानीय अर्थतन्त्रलाई पनि बढावा दिनेछ

## पत्रकार किरण छेत्री खस गौरव सम्मानले सम्मानित

सोनादा निवासी पत्रकार किरण छेत्रीलाई खस गौरव सम्मान प्रदान गरिएको छ। कालेबुङको मेला ग्राउण्डमा सम्पन्न दशौँ खस भारतीय हितकारी सम्मेलनमा उनलाई उक्त सम्मान प्रदान गरिएको हो। उक्त कार्यक्रममा दार्जिलिङका सांसद राजु विष्ट, गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापा उपस्थित थिए।पत्रकार किरण छेत्रीलाई समाजमा पत्रकारको रुपमा उल्लेखनीय योगदान दिएकोमा उक्त सम्मानले सम्मानित गरिएको हो। खस हितकारी सम्मेलन केन्द्रिय समितिको आयोजनामा कालेबुङमा आयोजित उक्त कार्यक्रममा पत्रकार छेत्रीलाई केन्द्रिय समितिका सभापति मदनकुमार मिश्रको बाहुलीबाट पुरस्कृत गरियो।पत्रकार किरण छेत्री सोनादाको नाली चउर निवासी हुन्। उनले दार्जिलिङ, सोनादा र खरसाङ क्षेत्रको प्रतिनिधिको रुपमा पत्रकारिता गरिरहेका छन्।

## नाका चेकजाँचको क्रममा लागुऔषध बरामद

नियमित पुलिस जाँचको क्रममा, सदर पुलिस थानाको एसआई तीर्थप्रतिम रोयको नेतृत्वमा रहेको टोलीले दार्जिलिङको वार्ड नम्बर २६, पाउन्ड रोड निवासी देवराज बाल्मिकीका छोरा अमन बाल्मिकी (२२ वर्ष) लाई पक्राउ गरेकोछ।
खोजीका क्रममा, उनको साथबाट १०.५० ग्राम ब्राउन शुगर जस्तो देखिने पदार्थ र २४० प्रोक्सिमेक स्पा क्याप्सुल बरामद गरिएको छ। अभियुक्तले दार्जिलिङ क्षेत्रमा अवैध बिक्रीको लागि मतिगढ़ाको "भाभी @ पिंकी" बाट जफत गरिएको लागूऔषध खरिद गरेको स्वीकार गरेका छन्।एनडीपीएस ऐनको सम्बन्धित धाराहरू अन्तर्गत सदर पुलिस चौकीमा मुद्दा दर्ता गरिएको छ। थप अनुसन्धान भइरहेको छ।

***** ० ****